०६०/११/२८

अध्यक्ष ज्यू

संविधान सभा (व्यवस्थापिका संसद) को
कार्य सञ्चालन नियमावलि मस्यौदा समिति

विषय :- फरक मत जाहेर

संविधान सभा सार्वभौम, स्वतन्त्र र यसका सदस्य पनि सार्वभौम र स्वतन्त्र हुन यो संविधान सभा ठूला जनादेश बाट आएको हो त्यसैले हरेक विषयमा समिति गठन गरी समिति मा गहन छलफल विचार स्पष्ट पार्नु पर्दछ तर यस नियमावलि मा संविधानको अन्तरवस्तु मा आधारित विषयगत समिति गठन नगरिएको र सबै विषय लाई सबै ठाउँमा समेटिएको ले राज्य नेपाल ले ठूला जनादेश को भावना लाई समेट्दै नयाँ मित्र संविधान बनाउन जुन संविधान दिगो बनाउनका लागि सबै क्षेत्र जातजाति भाषा आदि, वर्ग लिंग को भावना अधिकार को सुनिश्चितता भएको संविधान ल्याउन नियमावलि मा नै त्यस्ता विषयगत समिति राख्नु पर्ने ~~[illegible]~~ नै हुनु पर्ने अडान सहित नियमावलि मा हाल व्यवस्था गरिएको समिति सम्बन्धि परिच्छेद मा हाम्रो असहमति रहेको मत जाहेर गर्दछौं।

१- समितिले निश्चित समयावधि भित्र आफ्नो कार्य सम्पन्नको लागि बाध्यकारी व्यवस्था नियमावलिमा हुनु पर्ने

हुनुपर्ने समिति

१- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
२- राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति
३- राज्यको शासकीय स्वरुप निर्धारण तथा निर्वाचन प्रणाली समिति
४- राष्ट्रिय हितको संरक्षण समिति
५- संवैधानिक, राजनैतिक संवाद समिति
६- संवैधानिक मस्यौदा समिति
७- नागरिक सम्बन्ध तथा सुझाव संकलन समिति
८- क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति

मा. कुन्ती कुमारी शाही
[illegible]
(७) मा० [illegible] बहादुर थापा

माननीय सभापति
नियमावली मस्यौदा समिति
संविधानसभा ।

विषय: फरक मत पेश गरेको ।

संविधानसभाको मिति २०७० माघ २९ गतेको बैठकबाट गठित नियमावली मस्यौदा समितिमा संविधानसभा र संसदको बैठक सञ्चालन, छलफल र निर्णय प्रभावकारी बनाउन तथा संविधानको विधेयक र अन्य विधेयक एवं अध्यादेश पारित गर्ने प्रकृया, समितिहरु गठन आदिबारे लिखित एवं मौखिक सुझाव पेश गरेको थिएँ । ती सुझावहरुलाई नियमावलीमा नसमेटिएको हुँदा देहायबमोजिमका फरक मत पेश गरेको छु -

संविधानसभा नियमावली २०७० मस्यौदामा सुझाव :

१. नियम ३ (१) मा बैठकको सूचना दिइँदा मिति, समय र स्थान मात्र उल्लेख गरे पुग्ने व्यवस्था भएको हुँदा विषयसमेत उल्लेख गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

२. नियम ५ (१) मा कार्यव्यवस्था परामर्श समितिको सल्लाहमा सदस्यहरुको बस्ने क्रम र स्थान निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने ।

३. नियम ६ (३) मा सूचना टाँसेर जम्मा तीन पटकमात्र बैठक स्थगित गर्न सक्ने व्यवस्था गर्नुपर्ने ।

४. नियम ७ (१) पहिलो बैठक सुरु भएको सात दिनभित्र अध्यक्ष र उपाध्यक्षको चयन गर्ने व्यवस्था गर्नुपर्ने । अध्यक्ष र उपाध्यक्षले बैठकमा पार्टी राजनीतिबाट अलग भई तटस्थ भएर काम गर्ने प्रतिवद्धता गर्नुपर्ने ।

५. नियम २८ (१) मा हरेक दललाई बैठकमा छलफल गर्न कम्तिमा ५ मिनेट समयको व्यवस्था गर्नुपर्ने ।

६. नियम २९ (१) सूचना दिंदा दिनको दस बजेदेखि पाँच बजेसम्म दिन सक्ने व्यवस्था गर्नुपर्ने ।

७. नियम ३१ (२) मा सदस्यलाई सूचना ईमेल र एसएमएसबाट समेत पठाउने व्यवस्था गर्नुपर्ने । संविधानसभा र व्यवस्थापिका-संसदको बैठक स्थल अन्तर्राष्ट्रिय सभा भवनमा पनि सदस्यहरुको पिजनहोलको व्यवस्था हुनुपर्ने ।

८. नियम ४० र ४१ मा बैठकमा निर्णयार्थ प्रस्तुत हुने प्रस्ताव संविधान निर्माण कार्यको दस्तावेज हुने भएकोले "हुन्छ", "हुन्न" र "मत दिन्न" सुनिने गरी उच्चारण गराएर निर्णय गर्नुको सट्टा मत विभाजन गरी निर्णय लिने व्यवस्था गर्नुपर्ने ।

९. नियम ४१ (१) मा मत विभाजन गरी निर्णय गर्ने व्यवस्था भएपछि ४२ (१) उपयोगी नहुने हुँदा हटाउनुपर्ने ।

१०. नियम ४९ (२) बैठकमा पेश हुने कुनै सदस्यको प्रस्ताव जस्ताको तस्तै वा संशोधनसहित अध्यक्षले स्वीकृत गर्ने व्यवस्था हुनुपर्ने ।

११. नियम ५० मा प्रस्तावसम्बन्धी शर्त उल्लेख भएको हुँदा नियम ५१ को आवश्यकता नभएकोले हटाउनुपर्ने ।

१२. नियम ५२ (१) मा पेश भएको प्रस्तावमाथि १५ दिनभित्र छलफल गर्ने व्यवस्था गर्नुपर्ने ।

१३. नियम ५५ (२) एकभन्दा बढी सदस्यहरुले वस्तुतः उही विषयमा एकभन्दा बढी विषय पेश गरे पनि आपसी सहमती वा गोलाप्रथाद्वारा निर्धारण नगरी सबै प्रस्ताव सभामा पेश गर्ने व्यवस्था गर्नुपर्ने ।

१४. नियम ६३ मा प्रस्ताव बैठकमा निर्णयार्थ प्रस्तुत गर्दा एकभन्दा बढी प्रस्ताव भए पनि दर्ताअनुसार पेश गर्न दिने व्यवस्था गर्नुपर्ने र 'अध्यक्षले उपयुक्त ठहऱ्याएको' वाक्यांश हटाउनुपर्ने ।

१५. देश र जनताको हितमा संविधान निर्माण गर्न नियम ६४ (१) मा संविधानसभाका समितिहरु देहायबमोजिम गठन गर्ने व्यवस्था गर्नुपर्ने -

- मौलिक हक समिति
- शासकीय स्वरुप र निर्वाचन प्रणाली समिति
- राज्य पुन:संरचना र राज्यस्रोत बाँडफाँट समिति
- संवैधानिक अङ्ग समिति
- विदेश सम्बन्ध र सन्धी-सम्झौता समिति
- अभिलेख अध्ययन समिति
- कामदार वर्गको हित समिति
- नागरिक सम्बन्ध तथा सुझाव संकलन समिति

१६. उल्लेखित समितिहरु हरेकमा ७३ जना सदस्य रहने र समितिको प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गर्नुपर्ने ।

१७. संविधानसभा बाहिर गरिएका दुई वा सोभन्दा बढी दलको सहमतीलाई संविधानसभा भित्र प्रवेश नगराउने व्यवस्था गर्नुपर्ने ।

१८. नियम ७७ (१) मा गणपूरक सङ्ख्या एकाउन्न प्रतिशत उपस्थित हुनु पर्ने व्यवस्था गर्नुपर्ने ।

१९. सभाबाट गठन भएको समितिभित्र पुनः उपसमिति गठन गर्ने व्यवस्था आवश्यक नहुने हुँदा उपसमिति गठन गर्ने नियम ८० हटाउनुपर्ने ।

२०. नियम ८४ मा समितिले निर्णयार्थ सभामा पेश गरेको विषयमा मत विभाजन गरी निर्णय गर्ने व्यवस्था गर्नुपर्ने ।

२१. नियम ९२ मा सभामा पेश हुने संविधानको विधेयकको पहिलो मस्यौदाको प्रस्तावना, धारा, उपधारा, अनुसूचीमा अलग अलग संशोधन प्रस्ताव पेश गर्न दिई छलफल गरी फरक मतसहित पारित गर्ने व्यवस्था हुनुपर्ने ।

२२. नियम ९४ मा पहिलो मस्यौदा संविधानबारे जनताको प्रतिक्रिया प्राप्त गर्न सभासद्हरुको टोली दुईसय चालिस क्षेत्रमा जाने व्यवस्था गर्नुपर्ने ।

२३. नियम ९६ (३) मा परिमार्जित विधेयक सदस्यहरुलाई ३ दिन अगाडि बितरणले अध्ययन गर्न समय नपुग्ने भएकोले १५ दिन अगाडि सदस्यलाई वितरण गर्ने व्यवस्था गर्नुपर्ने ।

२४. नियम ९७ (२) मा 'संविधानको विधेयकका धाराहरु माथि छलफल गरिने छैन र विधेयकमा कुनै संशोधन पेश गर्न सकिने छैन' वाक्यांश हटाउनु पर्ने र प्रस्तावना, धारा र अनुसूचीमा अलग अलग संशोधन पेश गरी छलफल गर्ने व्यवस्था गर्नुपर्ने ।

२५. नियम १०१ मा सदस्यले पेश गरेको संशोधन प्रस्ताव अध्यक्षबाट स्वीकृत गरी छलफलको सूचीमा राख्ने व्यवस्था गर्नुपर्ने ।

२६. नियम १०९ मा उल्लेख 'अनुषांगिक सुधार आवश्यक नहुने भएकोले' यो नियम हटाउनुपर्ने ।

२७. नियम १०८ विधेयक प्रमाणिकरण व्यवस्था संविधानसंग नबाँझिने गरी गर्नुपर्ने ।

२८. समाजवादउन्मुख संविधान निर्माण गर्न अन्य आवश्यक व्यवस्था गर्ने उल्लेख गर्नुपर्ने ।

२९. अनुसूची २ को शपथको व्यहोरामा "इश्वरको नाममा शपथ लिन्छु" को सट्टा "देश र जनताको नाममा शपथ लिन्छु" उल्लेख गर्नुपर्ने ।

३०. संविधानसभामा पार्टीको एउटा दृष्टिकोण प्रस्तुत गर्न पार्टी ह्वीप जारी गर्ने व्यवस्था हुनुपर्ने ।

३१. संविधानसभाभित्र सिमान्तकृत, पिछडिएको क्षेत्र र अल्पसंख्यक जाति, क्षेत्र, समुदाय, लिङ्गका सदस्यहरुको दवाब समूह (ककस) गठन गर्ने व्यवस्थाले विदेशीहरुको सहयोगमा चल्ने गैरसरकारी संस्थाहरुको प्रत्यक्ष प्रभावमा पर्ने हुँदा कुनै पनि रुपमा दवाब समूह (ककस) को व्यवस्था नियमावलीमा राख्न नहुने ।

*संविधानसभा (व्यवस्थापिका-संसदको कार्य संचालन) नियमावली, २०७० मस्यौदामा सुझाव*

१. नियम ५(१) मा कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले सदस्यको बस्ने क्रम र स्थान निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने । पहिलो बैठकमा सबै दलका प्रतिनिधिलाई ५-५ मिनेटको मन्तव्यको व्यवस्था गर्नुपर्ने ।

२. नियम ६ मा दोस्रो दिनको बैठकदेखि सदस्यहरुलाई शून्य समय र दलहरुलाई विशेष समयमा बोल्ने व्यवस्था गर्नुपर्ने । एक अधिवेशनको बैठकमा सूचना टाँसेर तीन पटकमात्र बैठक स्थगित गर्न सक्ने व्यवस्था गर्नुपर्ने ।

३. नियम ६(१) बैठकको कार्यसूची चौबिस घण्टा अगाडि सदस्यलाई दिनुपर्ने व्यवस्था कार्यान्वयमा नआएकोले अनिवार्य कार्यान्वयन गर्नुपर्ने ।

४. नियम ६(५) मा संसदप्रति सरकारको जवाफदेहिता र उत्तरदायित्वको लागि बैठकमा पचास प्रतिशत मंत्रीहरुको अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था गर्नुपर्ने ।

५. नियम ७ मा पहिलो बैठकको सात दिनभित्र प्रधानमंत्रीको निर्वाचन गर्नुपर्ने । संसदले एक हप्ताभित्र प्रम चयन नगरेमा राष्ट्रपतिले संसदको सबैभन्दा ठूलो दलका नेतालाई तीन महिनाभित्र विश्वासको मत प्राप्त गर्नेगरी प्रम पदमा मनोनित गर्ने व्यवस्था गर्नुपर्ने । प्रमले चौबिस घण्टाभित्र मंत्रीमण्डल बिस्तार गर्नु पर्ने र सो नगरेमा अर्को प्रमको चुनाव गर्ने व्यवस्था गर्नुपर्ने ।

६. प्रधानमंत्रीको चुनाव गर्नु अघि सबै दलका प्रतिनिधिहरुले ५-५ मिनेटको मन्तव्य दिने व्यवस्था गर्नुपर्ने ।

७. कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संसदको कार्यसूची तय गर्ने व्यवस्था गर्नुपर्ने ।

८. नियम १४ अनुसारको प्रश्नको सम्बन्धित मंत्रीले जवाफ दिने समय किटान नभएको हुँदा ३ दिनभित्र सदनमा जवाफ दिनुपर्ने व्यवस्था गर्नुपर्ने ।

९. नियम १५ को ध्यानाकर्षण पनि सम्बन्धित मंत्रीले जवाफ दिने समय किटान नभएको हुँदा ३ दिनभित्र सदनलाई जवाफ दिनुपर्ने व्यवस्था गर्नुपर्ने ।

१०. नियम १६ अनुसारको प्रस्ताव बैठकमा छलफल हुनु तीन दिन अगावै सदस्यलाई वितरणको व्यवस्था गर्नुपर्ने ।

११. नियम २७ अनुसारको जरुरी सार्वजनिक महत्वको प्रस्तावको जवाफ सम्वन्धित मंत्रीले चौबिस घण्टाभित्र दिने व्यवस्था गर्नुपर्ने ।

१२. नियम ३२ मा प्रस्तावको संशोधन एकभन्दा बढी भएपनि सबै सदस्यलाई पेश गर्न दिने व्यवस्था गर्नुपर्ने । 'सभामुखले उपयुक्त ठहऱ्याएको' वाक्यांश हटाउनु पर्ने ।

१३. नियम ४३ मा एकभन्दा बढी संकल्प पेश गर्ने व्यवस्था गर्नुपर्ने ।

१४. नियम ५० मा अध्यादेश एक दिनको बैठकमा दुई वटाभन्दा बढी सदनमा पेश गर्न नहुने व्यवस्था गर्नुपर्ने र अध्यादेश अस्वीकारको सूचना ७ दिनभित्र दिने व्यवस्था गर्नुपर्ने ।

१५. नियम ५०(३) मा एकभन्दा बढी सूचना भएपनि आपसी सहमती वा गोलाप्रथा नगरी सूचना दिने सबै सदस्यलाई प्रस्तुत गर्न दिने व्यवस्था गर्नुपर्ने ।

१६. नियम ६३ मा संसदमा प्रतिनिधित्व गरेका कुनै दलले एक्लै वा अन्य दलसंग मिलेर संयुक्तरुपमा कुनै विधेयकलाई जनताको प्रतिक्रियाको लागि प्रचार गरियोस् भन्ने प्रस्ताव राख्ने व्यवस्था गर्नुपर्ने ।

१७. नियम ६७ मा विधेयक सदनमा पेश भएको संशोधनको सूचना दिने समय बहत्तर घण्टाको सट्टा ७ दिनको व्यवस्था गर्नुपर्ने । एक दिनको बैठकमा दुईवटा विधेयकमात्र पेश गर्ने व्यवस्था गर्नुपर्ने ।

१८. नियम ६८(२) मा संशोधनको सूचना एकै आशयका एकभन्दा बढी भएपनि सबै सदस्यको सूचना प्रस्तुत गर्न दिने व्यवस्था गर्नुपर्ने ।

१९. नियम ११० को बिषयगत समितिहरुमा अर्थ र श्रम सम्बन्धी समिति एउटै भएकोमा अर्थ समितिमात्र अलग गर्नुपर्ने र कामदार वर्गको हित समिति नामको नयां समिति थप गरी यस अन्तर्गत एउटा कामदार वर्गको मंत्रालय गठन गरी श्रम, औद्योगिक, खेतीहर र अन्य मजदुरहरु राख्नुपर्ने ।

२०. शिक्षा तथा विज्ञान समिति थप गरी यस अन्तर्गत विश्वविद्यालयहरु, उच्च मावि शिक्षा परिषद्, सीटीईभीटी, नास्ट, विज्ञान तथा प्रविधि मंत्रालय राख्नु पर्ने ।

२१. सुशासन समिति थप गरी यस अन्तर्गत निजामती र संस्थानका संपूर्ण कर्मचारीहरुको कार्य सम्पादनको अनुगमन र निर्देशन गर्ने व्यवस्था गर्नुपर्ने ।

२२. नियम ११९(५) मा उपनियम (१) बमोजिम सुनुवाई समितिमा प्राप्त उम्मेदवारको नाम समितिको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट स्वीकृत भएपछि 'अनुमोदन भएको मानिनेछ' व्यवस्था गर्नुपर्ने ।

२३. संसदमा पार्टीले आफ्ना सदस्यहरुलाई ह्वीप जारी गर्ने व्यवस्था गर्नुपर्ने ।

प्रेम सुवाल

सदस्य, संविधानसभा र व्यवस्थापिका संसद

सदस्य, नियमावली समिति, २०७०

नेपाल मजदुर किसान पार्टी

मिति २०७० फागुन २७

फरक मत

१. संविधानको प्रमाणीकरण

'प्रमाणीकरण र प्रमाणित गर्ने' भन्नुको अर्थ बीच तात्विक भिन्नता छैन । संविधान सामान्य विधेयक होइन । यो मुलुकको सर्वोच्च कानुन भएकाले यसको प्रमाणीकरण पनि राज्यको सर्वोच्च निकाय राष्ट्रपतिबाटै हुनुपर्छ ।

२. ह्विप

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा दलहरुले आफ्ना सभासद्हरुलाई व्यवस्थापिका संसद् र संविधानसभामा पनि ह्विप जाहेर गर्ने व्यवस्थालाई निरन्तरता दिनुपर्छ । तर ह्विप शब्दको ठाउँमा दलको परमादेश भनी लेखिनुपर्छ ।

३. ककस

दलको विधान, नीति, नियम र चुनावी घोषणापत्रलाई आत्मसात् गरी सभासद् हुनुभएका माननीय सदस्यज्यूहरुको आफ्नो दलभित्रै आफ्ना समस्या पहिचान गरी समाधानको उपाय पनि दलभित्र खोजिनुपर्ने हुन्छ । तर संविधानमा ककसको व्यवस्था गरिनु हुँदैन ।

लक्ष्मण राजवंशी

२०७० फागुन २८
बुद्धिनिवास, बालाजु

लक्ष्मण राजवंशी
सभासद्
नेपाः राष्ट्रिय पार्टी

२०७०।११।२८

माननीय सभापति
नियमावली मस्यौदा समिति ।

विषय– फरक मत सम्बन्धमा

संविधान सभा नियमावली मस्यौदामा देहाय बमोजिमको फरक मत जाहेर गर्दछु ।

(a) संविधान सभा नियमावलीमा दलिय दृष्टिकोण राख्नको लागि पार्टी ह्वीप जारी गर्ने व्यवस्था गर्नु पर्दछ ।

नीला पुन
राष्ट्रिय जनमोर्चा